जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)द्वारा प्रकाशित

# अर्धवार्षिक बुलेटिन

## आ.ब.२०७८/०७९

वर्ष १ अंक १ २०७८




नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

रुकुम (पूर्व)

जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वद्वारा प्रकाशित

# अर्धवार्षिक बुलेटिन


**संरक्षक**

श्री लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख जिल्ला अधिकारी

**सम्पादन मण्डल**

श्री रविन्द्र बुढा क्षेत्री – स.प्र.जि.अ.
श्री आशाराम पुन मगर - खरिदार

**प्रकाशक**

जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)



**फोन नं.**

०८८-४१३०८३
०८८-४१३०६५
०८८-४१३१३०

**Website**

https:/daorukumeast.moha.gov.np

**E-mail**

daorukumeast@moha.gov.np
daorukumeast76@gmail.com

**Facebook**

https://www.facebook.com/daorukumeast76

**Twitter**

https://www.twitter.com/dao_rukumeast



**प्रकाशन मिति**

माघ, २०७८


## प्रमुख जिल्ला अधिकारीको भनाई

सरकारको काम सेवा प्रवाह हो । सेवा पाउने अधिकार नागरिक को हो भने सरकारले सार्वजनिक प्रशासन मार्फत नागरिकलाई सेवा प्रवाह गर्नु उसको दायित्व हो । जनमुखी, जनकेन्द्रित, जनउत्तरदायी भएर नागरिकको सर्वहितको लागि जिल्ला प्रशासन कार्यालयले रुकुम पूर्वी जिल्लाको दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि ईमान्दार र सदाचार भई आफुले काम गरिरहेको र सबै सरोकारवालालाई समेत सहजीकरण र सहकार्य गर्दै गुनासोरहित सेवा प्रवाह गरिरहेको छ ।

यस जिल्लाको अन्दाजी ५३,०००/- भन्दा बढी नागरिकहरुको नागरिक सन्तुष्टि दिलाउने खुशी र सुखी बनाउने हाम्रो लक्ष्य रहेको छ । जिल्ला वासीहरुको माया, सहयोग र सहकार्य नै हाम्रो आत्म सन्तुष्टि पनि हो ।

नागरिक सन्तुष्टिका लागि सार्वजनिक गतिविधि सार्वजनिक गर्नु सार्वजनिक निकायको दायित्व हो । यस जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वले आफुले गरेको कामको प्रगति प्रतिवेदन सबै सरोकारवाला समक्ष प्रस्तुत गरेको छ । सूचनाको हकको प्रत्याभूति गराउन र सेवा प्रवाह अब्बल बनाउनको लागि समेत यो अर्धवार्षिक बुलेटिनले सघाउ पुऱ्याउने विश्वास गरिएको छ ।

# रुकुम (पूर्व) जिल्लाको संक्षिप्त परिचय

राज्य पुनर्संरचनाको आधारमा नेपालको संविधान २०७२ को अनुसूची-४ मा वर्गीकरण भए बमोजिम यस जिल्ला रुकुम (पूर्वी भाग) पनि साबिकको राजनीतिक विभाजनको आधारमा अलग हुन गई नेपाल सरकारको निर्णय बमोजिम मिति २०७४।०६।१९ गते नेपाल सरकारको माननीय गृह मन्त्रीज्यूबाट विधिवत् रुपमा समुद्घाटन सु-सम्पन्न भए पश्चात छुट्टै जिल्लाको रुपमा कार्य गर्दै आईरहेको छ भने यो जिल्ला भौगोलिक दृष्टिकोणले अति दुर्गम, यातायातको समुचित र सहज पहुँच नभएको हिमाली जिल्ला हो ।

## जिल्लाको भौगोलिक अवस्थितिः

देशान्तरः **८२ डि. ३५ मि. देखि ८३ डि. १० मि. पुर्वी देशान्तरसम्म**

अक्षांसः **२८ डि. २८ मि. देखि २९ डि. १० मि. उत्तरी अक्षांससम्म**

समुन्द्र सतहदेखि उचाईः **७२४६ मि.**

क्षेत्रफलः **११६१.१३ वर्ग कि.मि.(२९३१८२ हेक्टर)**

सदरमुकामको उचाईः **१६५० मि.**

हावापानीः **समशितोष्ण/शितोष्ण**

औषत वार्षिक वर्षाः **१८०० मि.मि.देखि २६०० मि.मि.सम्म**

तापक्रमः **०.२ देख ३४ सेल्सियस सम्म ।**

## जिल्लाको सिमाना

पूर्वः **बाग्लुङ र म्याग्दी**

पश्चिमः **रुकुम(पश्चिम)**

उत्तरः **डोल्पा**

दक्षिणः **रोल्पा**

## राजनैतिक तथा प्रशासनिक विभाजन

प्रदेशः **लुम्बिनी**

जिल्लाः **रुकुम (पूर्व)**

सदरमुकामः **रुकुमकोट (अस्थायी)**

संसदीय निर्वाचन क्षेत्रः **१ वटा**

प्रदेश निर्वाचन क्षेत्रः **२ वटा**

**नगरपालिका संख्याः नभएको**

गाउँपालिका संख्याः **३ वटा**

**वडा संख्याः ३१ वटा**

## जिल्लाको जनसंख्या विवरण

**(जनगणना २०६८ बमोजिम)**

महिलाः **२८,१७३ जना**

पुरुषः **२४,८४५ जना**

जम्माः **५३,०१८ जना**

## स्थानीय तहहरु

| क्र.सं. | गाउँपालिका | क्षेत्रफल (व.कि.मि) | जनसंख्या | वडा |
|---|---|---|---|---|
| १ | पुथा उत्तरगंगा | ५६०.३४ | १७९३२ | १४ |
| २ | भूमे | २७३.६७ | १८५८९ | ९ |
| ३ | सिस्ने | ३२७.१२ | १६४९७ | ८ |
| | जम्मा | ११६१.१३ | ५३०१८ | ३१ |

## जातजाती

यस जिल्लामा समग्र रुपमा मगर जातिको बाहुल्यता रहेको पाईन्छ भने दोस्रोमा क्षेत्री र तेस्रोमा दलित जातिको बाहुल्यता रहेको छ । तर सरकारी कार्यालयहरु रहेको रुकुमकोटमा भने ब्राह्मण/क्षेत्रीको बढी बाहुल्यता रहेको छ भने क्रमश : मगर, दलित, दोस्रो र तेस्रो स्थानमा रहेका छन ।


## भाषाभाषी

जिल्लाको जातीय तथ्याङकलाई हेर्ने हो भने बढी बोलिने मगर (खाम) भाषा र दोस्रोमा नेपाली भाषा रहेको छ ।

## धर्म


यस जिल्लामा हिन्दु धर्मावलम्बीहरुको बढी प्रभुत्व रहेको छ भने दोस्रो र तेस्रोमा क्रिश्चियन र बौद्ध धर्मावलम्बी रहेका छन्

## नक्सामा रुकुम (पूर्व) जिल्ला



## यस जिल्लाका प्रमुख पर्यटकीय स्थलहरु

| सि. नं. | पर्यटकीय स्थलको नाम | रहेको स्थान | फोटो |
|---|---|---|---|
| १ | सानी भेरी नदी | सिस्ने गा.पा.५ |  |
| २ | बराह मन्दिर | सिस्ने गा.पा.५ |  |
| ३ | शिव मन्दिर | सिस्ने गा.पा.५ |  |

| सि .नं. | पर्यटकीय स्थलको नाम | रहेको स्थान | फोटो |
|---|---|---|---|
| ४ | सिस्ने हिमाल | सिस्ने गा.पा.१ |  |
| ५ | पुथा हिमाल | पुथाउत्तरगंगा गा.पा.१ |  |
| ६ | बुकी पाटन | पुथाउत्तरगंगा गा.पा.१ |  |
| ७ | पुपाल लेक | पुथाउत्तरगंगा गा.पा. २ र १ |  |
| ८ | मार्भी लेक | पुथाउत्तरगंगा गा.पा. १ र २ |  |
| ९ | पाटन हिम लेक | पुथाउत्तरगंगा गा.पा.१ र २ |  |
| १० | कमल दह | सिस्ने गा.पा.५ |  |

## जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)को परिचय

जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्न तथा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न स्थानीय प्रशासन ऐन २०२८ मा प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय र सोको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था बमोजिम रुकुम पूर्व जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । यस कार्यालय सिस्ने गाउँपालिका वडा नं.-०६ रुकुमकोटमा अवस्थित रहेको छ । जिल्लामा शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, विकास निर्माणका कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, प्रभावकारी सेवा प्रवाह र अनुगमन, लागू औषध नियन्त्रण, प्रचलित कानून बमोजिम तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भष्ट्राचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा दिगो शान्ति, विकास र सुशासनको लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वले गर्ने मुख्य कार्यहरु

- शान्ति सुरक्षाको व्यवस्थापन
- जिल्लामा शान्ति सुरक्षा सुव्यवस्था तथा सुशासन कायम गर्ने ।
- जिल्ला प्रहरी कार्यालय र मातहतका इकाइहरुमा निरीक्षण तथा अनुगमन गर्ने ।
- सबै सुरक्षा निकायहरु बिच प्रभावकारी समन्वय गर्ने ।
- गैर कानूनी आपराधिक तथा अवाञ्छित गतिविधिहरुको नियन्त्रण गर्ने ।
- केन्द्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
- कानूनको दृढतापूर्वक कार्यान्वयन गर्ने ।
- दण्डहीनताको अन्त्य गर्ने ।
- समाजमा अशान्ति, हत्या, हिंसा, अपराधको प्रभाव तथा न्यूनीकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम गर्ने ।
- सबै स्थानीय तहसँग समन्वय गरी जिल्ला सुरक्षा योजना तर्जुमा गर्ने ।
- सार्वजनिक यातायातमा अवरोध हुन नदिने ।

## नागरिकता तथा राहदानी सम्वन्धी कार्य

- वंशज तथा वैवाहिक अंगिकृत नागरिकता प्रदान गर्ने ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी प्रदान गर्ने ।
- नागरिकता सम्बन्धी अभिलेख प्रमाणित तथा सिफारिस गर्ने ।
- नाबालक परिचयपत्र प्रदान गर्ने ।
- द्रुत सेवा मार्फत राहदानीको लागि विभागमा सिफारिस गर्ने ।

## स्थानीय प्रशासन सम्वन्धी कार्य

- संघ/संस्था दर्ता नवीकरण, विधान संसोधन र शाखा खोल्ने स्वीकृति तथा नियमन सम्बन्धी कार्य।
- पारिवारिक पेन्सन एवं रहलपहल सम्बन्धी सिफारिस गर्ने।
- पारिवारिक विवरण प्रमाणित गर्ने।
- नामथर, उमेर आदि प्रमाणित गर्ने।
- दलित, मधेसी, मुस्लिम तथा आदिवासी जनजाति सम्वन्धी सिफारिस तथा प्रमाणित गर्ने।
- पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने।
- विष्फोटक पदार्थ सम्बन्धी कार्यका लागि आवश्यक सहजीकरण गर्ने।
- हातहतियार तथा खरखजाना इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने।
- जग्गा प्राप्ति तथा मुआब्जा निर्धारण गर्ने।

## न्याय निरुपण/न्यायिक कार्य

- प्रचलित कानून बमोजिम अर्धन्यायिक निकायको रुपमा काम गर्ने।
- कानूनले तोकेको सीमाभित्र मुद्दाको कारवाही तथा फैसला गर्ने।
- असहाय एवं गरीबहरुलाई निःशुल्क कानूनी सहायताको व्यवस्था गर्ने गराउने।
- ठाडो उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार एवं निर्देशन अनुसार भ्रष्टाचार नियन्त्रणमा आवश्यक कार्य गर्ने।

## विपद् व्यवस्थापनसम्बन्धी कार्य

- ✓ विपद् व्यवस्थापन र सेवा प्रवाहसँग सम्बन्धित  कार्ययोजना निर्माण गरी सचेतनामुलक कार्यक्रम सहित कार्यान्वयन गर्ने।
    - विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने।
    - मनसुन विपद् जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।
    - आगलागी जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।
- ✓ स्थानीय विपद् व्यवस्थापन समितिको गठन गर्ने।
- ✓ मौसम सम्बन्धी जानकारी कार्यालयको मोबाईल एप तथा वेभसाईटमार्फत सूचना प्रदान गर्ने।
- ✓ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा एवं परिमार्जन गर्ने।
- ✓ विपद् जोखिम न्यूनीकरण र पूर्व सूचना प्रणालीको विकास गर्ने।
- ✓ जोखिममा रहेका बस्तीको स्थानान्तरण गर्ने गराउने।
- ✓ विपद् जोखिम न्यूनीकरण प्रतिकार्य तथा पुर्नलाभ कार्यलाई प्रभावकारी बनाउने।

- ✓ खोज उद्धार र राहतको लागि स्वयंम सेवक समूह गठन गर्ने ।
- ✓ जिल्ला विपद् व्यवस्थापनमा जिम्मेवार निकायहरु बिच प्रभावकारी समन्वय संयन्त्र स्थापना गर्ने ।
- ✓ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- ✓ विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय एवं निर्देशन अनुसार समितिहरु गठन तथा आवश्यक निर्णय गर्ने ।

## लागु औषध तथा मदिरा नियन्त्रणसम्बन्धी कार्य

- ❖ लागु औषध अपराध निषेध र मदिरा नियन्त्रण जिल्लास्तरीय कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने
- ❖ अवैध रुपमा उत्पादित मदिरा नष्ट गर्ने गराउने ।
- ❖ लागु औषध विक्री वितरण,ओसार पसार र दुरुपयोग नियन्त्रण गर्ने ।
- ❖ नागरिक समाजसँग सचेतनामूलक सहकार्य बढाउने ।
- ❖ लागु पदार्थको दुष्परिणाम सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने स्थानीय तह र सञ्चार माध्यमसँगको साझेदारीमा सचेतनामूलक अभियान सञ्चालन गर्ने ।
- ❖ सुरक्षा निकायहरुलाई लागु औषध नियन्त्रणमा सक्रिय गराउने।
- ❖ लागु औषधको स्रोत पहिचान तथा नष्ट गर्ने ।
- ❖ सचेतना समुह जनचेतना समुह एवं सामाजिक संघ संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रमहरु गर्ने

## अन्य कार्यहरु

- जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्ग लगायत फरक क्षमता भएका व्यक्तिहरुको हित संरक्षणमा कटिबद्ध रहने ।
- गैर सरकारी संघ संस्थाहरुलाई सामाजिक विकासका क्षेत्रमा क्रियाशील हुन उत्प्रेरित गर्ने ।
- जेष्ठ नागरिक, अपाङ्ग, महिला बालबालिका र ग्रामिण एवं दुर्गम क्षेत्रका तथा सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने सेवाग्राहीलाई प्राथमिकतामा राख्ने ।
- नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सूचनाको हक सम्वन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।
- उद्योग बाणिज्य संघ, उपभोक्ता मञ्च लगायत अन्य निजी क्षेत्रसँग समन्वय सहयोग र सहकार्य गर्ने ।
- कालोबजारी, नाफाखोरी र सिण्डिकेट जस्ता कार्यलाई नियन्त्रण गर्ने, स्वच्छ र प्रतिस्पर्धात्मक बजारको विकास गर्ने ।
- नेपाल सरकार गृह मन्त्रालय एवं आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत सम्वन्धित केन्द्रीय निकायबाट हुने निर्णय एवं निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

## जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने मुख्य सेवाहरु

क.स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवा

ख.नागरिकता सम्बन्धी सेवा

ग.राहदानी सम्बन्धी सेवा

घ.मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवा

ङ.संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा

च.हातहतियार इजाजत तथा नवीकरण तथा पेन्सन सिफारिस सम्बन्धी सेवा

छ.विपद् व्यवस्थापन सम्बन्धी सेवा

ज.राष्ट्रिय परिचयपत्र विवरण संकलन सम्बन्धी कार्य

झ.आपूर्ति व्यवस्था तथा अनुगमन सम्बन्धी कार्य

ञ.तोकिए बमोजिमका अन्य सेवाहरु

## जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वको दरबन्दी संरचना

| सि.नं. | पद | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | १ | |
| २. | सहायक प्रमुख जिल्ला अधिकारी | १ | |
| ३. | नायव सुब्बा | ४ | |
| ४. | लेखापाल | १ | |
| ५. | कम्प्युटर अपरेटर | २ | |
| ६. | खरिदार | ४ | पि.ए. समेत |
| ७. | हलुका सवारी चालक | १ | |
| ८. | कार्यालय सहयोगी | ६ | भान्से समेत |
| | जम्मा | २० | |

## जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वका हालसम्मका प्रमुख जिल्ला अधिकारीज्यूहरुको नामावली

| सि. नं. | नामथर | पद | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | भूपेन्द्र सापकोटा | प्र.जि.अ. | २०७४/०६/१२ | २०७५/०३/१७ |
| २ | मित्रलाल शर्मा | प्र.जि.अ. | २०७५/०३/१८ | २०७६/०५/१८ |
| ३ | मोहन प्रसाद अर्याल | प्र.जि.अ. | २०७६/०५/१९ | २०७७/०४/३२ |
| ४ | राज कुमार राई | प्र.जि.अ. | २०७७/०५/०१ | २०७८/०३/२७ |
| ५ | लक्ष्मी प्रसाद बास्कोटा | प्र.जि.अ. | २०७८/०४/०४ | हालसम्म |

## साविकको ईलाका प्रशासन कार्यालय रुकुमकोटका कार्यालय प्रमुखहरुको नामावली

| सि. नं. | नाम थर | पद | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | भरत कुमार मल्ल | का.मु.शा.अ. | २०५५ | |
| २ | प्रियराज शर्मा | का.मु.शा.अ. | २०६७/०७/११ | २०६८/०३/२८ |
| ३ | भलारामपंगाली | का.प्र. | २०६८/०४/०८ | २०६९/०८/२६ |
| ४ | भूपेन्द्र पाण्डे | शा.अ. | २०६९/०९/११ | २०७०/०६/०८ |
| ५ | छविललाल नेपाली | शा.अ. | २०७१/०३/०९ | २०७१/०३/२५ |
| ६ | गोकर्णजङ मल्ल | का.मु.शा.अ. | २०७१/०५/०६ | २०७२/०३/२८ |
| ७ | शेर बहादुर पुन | शा.अ. | २०७२/०५/२८ | २०७२/१०/१५ |
| ८ | गोकर्णजङ मल्ल | का.प्र. | २०७२/१२/२५ | २०७३/१२/२२ |
| ९ | सनतकुमार तिवारी | का.प्र. | २०७३/१२/२४ | २०७४/०३/१८ |
| १० | गोकर्ण बहादुर पुन | शा.अ. | २०७४/०३/१९ | २०७४/०६/११ |

## जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि. नं. | नाम थर | दर्जा | ठेगाना | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | लक्ष्मी प्रसाद बास्कोटा | प्र.जि.अ. | दैलेख | 9857867777 |
| २ | रविन्द्र बुढा क्षेत्री | स.प्र.जि.अ. | सिस्ने गा.पा.-६, रुकुम पूर्व | 9843932103 |
| ३ | लोक बहादुर घर्ति | ना.सु. | मु.न.पा.-१३, रुकुम पश्चिम | 9847994180 |
| ४ | खम्बु रावत | ना.सु. | मु.न.पा.-१, रुकुम पश्चिम | 9857867788 |
| ५ | रुपलाल घर्ति | ना.सु. | मु.न.पा.-१३, रुकुम पश्चिम | 9866871823 |
| ६ | ओपेन्द्र ओली | क.अ. | मु.न.पा.-१३, रुकुम पश्चिम | 9825267023 |
| ७ | केशब थापा | क.अ. | सिस्ने गा.पा.-५, रुकुम पूर्व | 9847949708 |
| ८ | हरि चौधरी | ले.पा. | दाङ | 9844973892 |
| ९ | आशाराम पुन मगर | खरिदार | मु.न.पा-२, रुकुम पश्चिम | 9866907247 |
| १० | लक्ष्मण खत्री | खरिदार | मु.न.पा.-२, रुकुम पश्चिम | 9868664187 |
| ११ | भोग बहादुर खड्का | खरिदार | मु.न.पा.-२, रुकुम पश्चिम | 9849758127 |
| १२ | करण बुढा मगर | विवरण दर्ता अपरेटर | भूमे गा.पा.-४, रुकुम पूर्व | 9866853933 |
| १३ | बल बहादुर श्रेष्ठ | का.स. | सिस्ने गा.पा.-६, रुकुम पूर्व | 9868458299 |
| १४ | दिपा गौतम | का.स. | सिस्ने गा.पा.-६, रुकुम पूर्व | 9842367586 |
| १५ | सुस्मिता श्रेष्ठ | का.स. | सिस्ने गा.पा.-६, रुकुम पूर्व | 9863204947 |
| १६ | पूर्ण बहादुर खत्री | का.स. | सिस्ने गा.पा.-६, रुकुम पूर्व | 9841107247 |
| १७ | रिता आचार्य | का.स. | सिस्ने गा.पा.-५, रुकुम पूर्व | 9864730111 |
| १८ | निकिता मल्ल गौतम | विवरण दर्ता सहयोगी | सिस्ने गा.पा.-६, रुकुम पूर्व | 9869982404 |

## जिल्ला सुरक्षा समिति रुकुम पूर्वका हालका पदाधिकारीहरु

लक्ष्मी प्रसाद बास्कोटा
प्र.जि.अ.
(अध्यक्ष)

मान बहादुर बुचा मगर
सेनानी
(सदस्य)


गणेश बहादुर श्रेष्ठ
प्र.ना.उ.
(सदस्य)

सुदन आचार्य
स.प्र.ना.उ
(सदस्य)

संजीव कुमार चौधरी
प्र.अ.अ.
(सदस्य)

रविन्द्र बुढा क्षेत्री
स.प्र.जि.अ.
(सदस्य-सचिव)

❖ जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)को कार्यालय परिसरका तस्बिरहरु




## जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वबाट आ.ब. २०७८/०७९ को साउन देखि पौषमसान्तसम्ममा सम्पादित कामहरुको शाखागत कार्यप्रगति विवरणः

### क.स्थानीय प्रशासन शाखा

| क्र .सं. | सम्पादन गरेको काम | | महिना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | साउन | भाद्र | असोज | कात्तिक | मंसिर | पौष | जम्मा |
| १ | नाबालक परिचयपत्र वितरण | महिला | ६ | ८ | १ | १ | १ | ३ | २० |
| | | पुरुष | ० | १० | ० | ३ | १ | ० | १४ |
| | | जम्मा | ६ | १८ | १ | ४ | २ | ३ | ३४ |
| २ | सिफारिस तथा प्रमाणित | | | | | | | | |
| | क)पारिवारिक पेन्सन प्रमाणित तथा रहलपहल सिफारिस | | ० | २ | ० | १ | ० | १ | ४ |
| | ख)आदिवासी/जनजाती व्यहोरा प्रमाणित | | ३ | १० | ५ | १५ | ३६ | ३६ | १०५ |
| | ग)दलित व्यहोरा प्रमाणित | | ७ | ७ | ३ | ० | ३ | १३ | ३३ |
| | घ) खस आर्य व्यहोरा प्रमाणित | | ० | ० | ५ | ० | ० | ० | ५ |
| | ङ)नाम, थर, उमेर प्रमाणित | | ६ | ३ | १३ | ० | १ | ६ | २९ |
| | च)अन्य सिफारिस तथा प्रमाणित | | २ | २४ | २७ | ३ | १ | २ | ५९ |
| ३ | संघ/संस्था | | | | | | | | |
| | क)दर्ता | | ० | ० | १ | २ | १ | १ | ५ |
| | ख)नवीकरण | | ० | १ | ३ | ० | ० | ३ | ७ |
| ४ | चलानी | | | | | | | | |
| | क)चलानी | | १५३ | १३८ | १४८ | ९४ | १८३ | २०६ | ९२२ |
| ५ | सवारी साधन अनुमति (पास) | | ७४ | १२ | २ | ६ | ४ | ८ | १०६ |
| ६ | पत्रपत्रिका दर्ता | | ० | ० | १ | ० | ० | ० | १ |

## २०७८ साउनदेखि पौषसम्मको विवरण




## ख.राहदानी शाखा

| क्र.सं. | सम्पादन गरेको काम | | साउन | भाद्र | असोज | कात्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | राहदानी (सिफारिस तथा वितरण) | | | | | | | | |
| | क) साधारण सिफारिस | महिला | २५ | २३ | ९ | ९ | ० | ० | ६६ |
| | | पुरुष | २३ | ३६ | १९ | ११ | ० | ० | ८९ |
| | | जम्मा | ४८ | ५९ | २८ | २० | ० | ० | १५५ |
| | ख) द्रुत सेवा सिफारस | महिला | ३७ | २९ | ३० | ३० | ४ | ० | १३० |
| | | पुरुष | १२६ | १३७ | ७८ | ६० | ९ | ० | ४१० |
| | | जम्मा | १६३ | १६६ | १०८ | ९० | १३ | ० | ५४० |
| | ग) वितरण संख्या | महिला | ० | ० | ० | ० | ० | २ | २ |
| | | पुरुष | ० | ० | ० | ० | ० | १० | १० |
| | | जम्मा | ० | ० | ० | ० | ० | १२ | १२ |

## ग.नागरिकता तथा प्रतिलिपि शाखा

| क्र.सं. | सम्पादन गरेको काम | | महिना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | साउन | भाद्र | असोज | कात्तिक | मंसिर | पौष | जम्मा |
| ८ | *नयाँ नागरिकता वितरण* | | | | | | | | |
| | अ) वंशजको आधारमा | महिला | ९२ | १०१ | ६४ | १२६ | २३१ | १४ | ६२८ |
| | | पुरुष | ८९ | १०३ | १०३ | ११९ | २३३ | १६ | ६६३ |
| | | जम्मा | १८१ | २०४ | १६७ | २४५ | ४६४ | ३० | १२९१ |
| | आ) वैवाहिक अंगीकृत | | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | प्रतिलिपि नागरिकता वितरण | महिला | ४१ | ५२ | ३७ | ५१ | ६७ | ९९ | ३४७ |
| | | पुरुष | ५७ | ६४ | ४७ | ७३ | ९८ | ९२ | ४३१ |
| | | जम्मा | ९८ | ११६ | ८४ | १२४ | १६५ | १९१ | ७७८ |

## घ.विपद् व्यवस्थापन शाखा

| क्र.सं. | सम्पादन गरेको काम | महिना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भाद्र | असोज | कात्तिक | मंसिर | पौष | जम्मा |
| १० | विपद् व्यवस्थापन | | | | | | | |
| | क)विपदबाट प्रभावित संख्या | ६ | ५ | २ | ० | ० | ० | १३ |
| | ख)विपद् प्रभावित राहत वितरण | ५५,०००/- | ४५,०००/- | २०,०००/- | ०/- | ०/- | ०/- | १,२०,०००/- |

## ङ.राष्ट्रिय परिचयपत्र विवरण दर्ता स्टेशन

| क्र.सं. | सम्पादन गरेको काम | | महिना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | साउन | भाद्र | असोज | कात्तिक | मंसिर | पौष | जम्मा |
| ११ | राष्ट्रिय परिचयपत्र | | | | | | | | |
| | क) विवरण दर्ता | महिला | ३२८ | ३७३ | २५७ | २८३ | ३७० | २७५ | १८८६ |
| | | पुरुष | २०१ | २४५ | १२८ | १९५ | २१३ | ४१० | १३९२ |
| | | जम्मा | ५२९ | ६१८ | ३८५ | ४७८ | ५८३ | ६८५ | ३२७८ |
| | ख) वितरण संख्या | महिला | ० | ० | ० | ० | ० | ० | ० |
| | | पुरुष | ० | ० | ० | ० | ० | ० | ० |
| | | जम्मा | ० | ० | ० | ० | ० | ० | ० |

## च.मुद्दा तथा हातहतियार शाखा

| क्र.सं. | सम्पादन गरेको काम | महिना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भाद्र | असोज | कात्तिक | मंसिर | पौष | जम्मा |
| १२ | मुद्दा/उजुरी/गुनासो दर्ता/फछ्यौंट | | | | | | | |
| | क)मुद्दा दर्ता | १ | ० | ० | ० | १ | ० | २ |
| | ख) मुद्दा फछ्यौंट | २ (अ.ल्या. मुद्दा) | २ (अ.ल्या. मुद्दा) | २ (अ.ल्या मुद्दा) | ० | २ (यस आ.व.-१ अ.ल्या. मुद्दा-१) | ० | ८ |
| | ग) अख्तियार दुरुपयोग सम्बन्धि प्राप्त उजुरी | ० | १ | ० | ० | १ | ० | २ |
| | घ) अख्तियार दुरुपयोग सम्बन्धि उजुरी फछ्यौंट | ० | ० | १ | ० | ० | ० | १ |


## छ.आर्थिक प्रशासन शाखा

| क्र.सं. | सम्पादन गरेको काम | महिना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भाद्र | असोज | कात्तिक | मंसिर | पौष | जम्मा |
| १३ | द्वन्द्व प्रभावितका लागि राहत वितरण | | | | | | | |
| | क)राहत प्राप्त गर्ने संख्या | ० | ० | ० | ० | ५ | १ | ६ |
| | ख)वितरित राहत रकम | ० | ० | ० | ० | २,४०,००० | २०,००० | २,६०,००० |
| १४ | राजस्व संकलन | | | | | | | |
| | क)राहदानी शूल्क | २,४०,००० | २,९५,००० | १,४५,००० | ९५,००० | ० | ० | ७,७५,००० |
| | झ)कम्पनी/सस्था रजिष्ट्रेशन;नवीकरण दस्तुर/अन्य | ० | ५०० | ४००० | १००० | १००० | २२०० | ८,७०० |
| १५ | चालु र पूजीगत खर्चको अवस्था | | | | | | | |
| | क)चालु खर्च | ० | १०.४९% | १५.१२% | ५.४५% | ७.१८% | ७.१०% | ४५.३४% |
| | ख)पूजीगत खर्च | ० | ० | १.१३% | ० | ० | १७.२९% | १८.४२% |

## मुद्दासम्बन्धी थप विवरण

| सि.न. | विवरण | संख्या |
|---|---|---|
| १ | यस आ.ब.२०७८/०७९ को साउन यता दर्ता भएका मुद्दा संख्या | २ |
| २ | यस आ.ब.२०७८/०७९ को साउन यता दर्ता भएका मुद्दाको फछ्यौट संख्या | १ |
| ३ | यस आ.ब.२०७८/०७९ को साउन यता दर्ता भएका मुद्दाको फछ्यौट हुन बाँकी संख्या | १ |
| ४ | अघिल्लो आ.ब.बाट जिम्मेवारी सरेका मुद्दाहरुको संख्या | १८ |
| ५ | अघिल्लो आ.ब.बाट जिम्मेवारी सरेका मुद्दाको यस आ.ब.मा फछ्यौट संख्या | ८ |
| ६ | अघिल्लो आ.ब.बाट जिम्मेवारी सरेका मुद्दा फर्छ्यौट हुन बाँकी संख्या | १० |

## २०७८ साउन देखि पौषमसान्तसम्मको विवरण




## अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य (आ.ब. २०७८/०७९ पौष मसान्तसम्म)

| क्र.स. | कार्यको विवरण | संख्या | कै |
|---|---|---|---|
| १ | बजार अनुगमन गरिएको पटक | २ पटक (त्रैमासिक रुपमा ) | |
| २ | बजार अनुगमन गरिएको स्थान/बजार क्षेत्र | सिस्ने गा.पा.-२,३,५,६ भूमे गा.पा.-१,२,३,६ पुथा उत्तरगंगा गा.पा.१२ | |
| ३ | कार्यालयहरु अनुगमन | १/१ पटक | |
| ४ | सुरक्षा निकायको निरीक्षण | १/१ पटक | |

## विभिन्न बैठकहरु

| क्र.स. | विवरण (आ.ब.२०७८/०७९ पौषमसान्तसम्मको) | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला सुरक्षा समितिको बैठक | १४ | |
| २ | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक | ७ | |
| ३ | जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठक | ७ | |
| ४ | कार्यालय प्रमुखहरुको बैठक | १२ | |
| ५ | जिल्ला राजमार्ग सुरक्षा तथा सञ्चालन समिति बैठक | १ | |
| ६ | सूचना अधिकारीहरुको बैठक | २ | |
| ७ | अन्तरजिल्ला सुरक्षा समन्वय बैठक | ३ | |
| ८ | जिल्ला स्थित आयोजनाहरुको कार्यान्वयन समस्या समाधान बैठक | २ | |
| ९ | जिल्ला अनुगमन तथा मूल्याङ्कन सम्वन्धी बैठक | १ | |
| १० | सर्वपक्षीय/सर्वदलीय बैठक | ६ | |
| ११ | उपभोक्ता हित संरक्षण सम्वन्धी बैठक | १ | |
| १२ | प्रमुख जिल्ला अधिकारी संयोजक हुने समितिको बैठक | ५ | |
| १३ | कर्मचारी बैठक | ७ | |
| १४ | अन्य विविध बैठक | २ | |

## जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)बाट आ.व. २०७८/०७९ मा भएका मुख्य मुख्य गतिविधिहरु

१.रुकुम पूर्व जिल्लाको Crime map सहितको एकीकृत रणनीतिक सुरक्षा योजनालाई मिति २०७८/०४/२७ मा बसेको जिल्ला सुरक्षा समिति बैठकबाट अध्यावधिक गरिएको ।

२.मिति २०७८/०४/२७ को जिल्ला सुरक्षा समिति बैठकबाट एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत (शान्ति सुरक्षा, अपराध रोकथाम नियन्त्रण र अनुसन्धान, लागू औषध नियन्त्रण, चाडपर्व, विपद् व्यवस्थापन आदि।) कार्ययोजना २०७८/०७९ तयार गरी कार्यान्वयन भईरहेको ।

३. जिल्लामा समग्र शान्ति सुरक्षा तथा अमनचयन एवं सुशासन कायम गर्न विभिन्न मितिमा यस आ.ब.को सुरु देखि पौष मसान्त सम्म जम्मा १४ पटक जिल्ला सुरक्षा समितिको बैठक बसी विभिन्न निर्णयहरु भएको र उक्त निर्णयहरुको पूर्ण र प्रभावकारी कार्यान्वयन समेत गरिएको । साथै मिति २०७८/०५/२९ मा बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन कार्यविधि २०७८ स्वीकृत गरी कार्यान्वयन भइरहेको ।

४.समाजमा विद्यमान कुरीति कुसंस्कार विरुद्ध जनचेतना अभिवृद्धि गर्न सरकार सहकारी साझेदारी कार्यक्रम सञ्चालन गरिएको ।



५.मिति २०७८/०४/१४ मा जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व) को वार्षिक कार्ययोजना २०७८/०७९ तयार गरी कार्यान्वयन भइरहेको ।

६.मिति २०७८/०६/१३ र १४ गतेमा कार्यालयका कर्मचारीलाई न्यायिक प्रक्रियाका कार्यविधि सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।



प्रशिक्षकबाट प्रशिक्षण दिदै ।

७.प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारी बिच कार्यसम्पादन सम्झौता भई कार्यसम्पादन भईरहेको ।

८.रुकुम (पूर्व) जिल्लासँग सीमा जोडिने जिल्लाहरुसँग ३ पटक अन्तर जिल्ला सुरक्षा समन्वय बैठक बसी अन्तरजिल्ला सुरक्षा अवस्था, चुनौती तथा आपसी समन्वयका विषयमा छलफल गरी महत्वपूर्ण निर्णयहरु भएको ।

९.विभिन्न मितिहरुमा जिल्लास्थित प्रहरी, सशस्त्र प्रहरीको कार्यालय, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी, अस्थायी प्रहरी पोष्टहरुको १/१ पटक निरीक्षण गरिएको छ । निरीक्षण गर्दा शान्ति सुरक्षा र भौतिक व्यवस्थापनको अवस्था सन्तोषजनक रहेको साथै सुरक्षा व्यवस्थालाई थप मजबुत र प्रभावकारी बनाउन निर्देशन गरिएको ।

१०.सधैं राजमार्ग तथा सडकहरु सुचारु राखी सार्वजनिक यातायातलाई निर्बाध रुपमा संचालन गर्न/गराउन तथा प्राकृतिक प्रकोपबाट सडकलाई अवरोध रहित बनाउन राजमार्ग तथा सडक सुचारु रुपमा सञ्चालन गर्ने सम्बन्धी कार्ययोजना २०७८/०७९ लागू गरी कार्यान्वयन गरिएको ।

११.राष्ट्रिय परिचयपत्र दर्ता स्टेशनबाट २०७८ साउनदेखि पौषसम्ममा जम्मा ३२७८ जनाको विवरण संकलन गरिएको र विवरण दर्ता कार्यलाई प्रभावकारी बनाईएको ।

१२.मन्त्रालयबाट विभिन्न समयमा भएका निर्देशन र परिपत्रहरुको कार्यान्वयन गरी कार्यसम्पादनलाई चुस्तदुस्त बनाईएको ।

१३. जिल्ला प्रशासन कार्यालयमा स-साना बालबच्चा लिई सेवा लिन आउने महिला सेवाग्राहीलाई मध्यनजर गरी आवश्यक सुविधा सहितको स्तनपान कक्षको स्थापना गरिएको । साथै नवनिर्मित स्तपान कक्षबाट बालबच्चा लिई आउने महिला सेवाग्राहीलाई सेवा लिन थप सहज भएको ।



१४.हालसम्म द्वन्द्व प्रभावित राहत वितरण ६ जनालाई जम्मा रु.२,६०,०००/- राहत रकम वितरण गरिएको ।

१५.यस आ.ब.२०७८/०७९ मा जम्मा २ मुद्दा दर्ता भएकोमा १ वटा फछ्यौट गरिएको र १ वटा प्रकृयामै रहेको छ । यसैगरी अघिल्लो आ.ब.बाट जिम्मेवारी सरेका १८ वटा मुद्दाहरुमा यसै आ.ब.को पौषसम्म ८ वटा फछ्यौट भएको ।

१६.जिल्ला प्रशासन कार्यालयको समग्र कार्यसञ्चालनमा सुधार तथा गुनासोको समाधन गर्न मासिक रुपमा नियमित कर्मचारी बैठक (Staff Meeting) बसी मासिक रुपमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने समेत गरिएको ।

१७.सरकारी सेवा प्रदायकको सेवा प्रवाहको अनुगमन तथा मूल्यांकन गर्न जिल्ला अनुगमन तथा मूल्यांकन समितिको मिति २०७८/०६/१० मा बैठक बसी महत्वपूर्ण निर्णयहरु भएको ।

१८.जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयको १/१ पटक निरीक्षण गरी आवश्यक निर्देशन भएको ।

१९.जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व) को सूचनासम्बन्धी त्रैमासिक स्वतः प्रकाशन (Pro-active) प्रकाशन गरी वेभसाइटमा राखिएको ।

२०.जिल्ला स्थित सबै कार्यालयहरुका सूचना अधिकारीसँग २ पटक बैठक बसी महत्वपूर्ण निर्णयहरु गरिएको ।

२१.कार्यालय तथा कार्यालय परिसर सफा, स्वच्छ र हरियालीयुक्त राख्न प्रत्येक शुक्रबार सरसफाई गर्ने गरिएको।

२२. चाडपर्व लक्षित गरी उपभोक्ता हित विपरितका गतिविधि नियन्त्रण र न्यूनीकरणका लागि जिल्लाका मुख्य बजार क्षेत्र र दुर्गम क्षेत्रका बजारहरुमा समेत पुगी बजार अनुगमन गरिएको ।



२३.जिल्लामा विशेषगरी चाडपर्वको समयमा र अन्य समयमा कृत्रिम अभाव, कालोबजारी, अस्वभाविक मूल्यवृद्धि जस्ता उपभोक्ता विपरितका कार्यहरु हुन नदिन मिति २०७८/०६/०८ मा स्थानीय तह, नागरिक समाज, संचारकर्मी, व्यवसायी, उपभोक्ता लगायत सरोकारवालाहरुको उपस्थितिमा समन्वयात्मक बैठक बसेको ।

२४.गृह मन्त्रालय मातहतका जिल्लास्थित सबै सरकारी कार्यालयहरुको भौतिक स्रोत साधन (जग्गा, भवन, सवारी साधन लगायत) हरुको प्रोफाइल तयार गरिएको ।

२५.जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुसँग एक पटक सर्वदलीय बैठक बसेको ।

२६.यस जिल्लाको लागु औषध नियन्त्रण कार्ययोजना अन्तर्गत लागु पदार्थजन्य खती नष्ट गर्ने/गराउने योजना अनुरुप यस जिल्लाका विभिन्न भेगमा अवैध रुपमा खेती गरिएको गाँजा (अन्दाजी २४१ रोपनी)लाई फँडानी गरिएको ।



२७. यस जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व) बाट रुकुमकोटस्थित रुक्मिणी माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ९ र १० मा छात्रछात्राहरुलाई लागू औषधविरुद्ध एक दिवसीय सचेतना कार्यक्रम सञ्चालन गरिएको ।



२८.यस आ.व.को साउन महिनादेखि पौषमसान्त सम्म जिल्ला विपद् व्यवस्थापन समिति(DDMC)को जम्मा ७ पटक बैठक बसी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी विभिन्न निर्णयहरु गरिएको ।

२९.जिल्ला विपद् व्यवस्थापन समितिद्वारा मिति २०७८/०४/३२ मा विपद् जोखिम नक्सांकन सहित जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अध्यावधिक गरी स्वीकृत गरिएको ।




३०.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी QRT/IRT परिचालन योजना मिति २०७८/०४/३२ मा तयार गरिएको ।


३१.युनाइटेड मिसन टु नेपाल रुकुम क्लष्टरबाट प्राप्त मनसुनजन्य विपद् प्रतिकार्यका विभिन्न सामग्रीहरु सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म रुकुम पूर्वलाई हस्तान्तरण गरिएको ।

३२.प्राकृतिक तथा मनसुनजन्य प्रकोपको कारण घर जग्गा क्षति भएका तथा जोखिममा परेका १३ घरपरिवारलाई पौषसम्मम जम्मा रु.१,२०,०००/- राहत रकम उपलब्ध गराईएको ।

३३. यस जिल्लामा हिमपातजन्य विपद् बाट हुन सक्ने जोखिम एवं सम्भावित जनधनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्ने सम्बन्धमा रुकुम (पूर्व) जिल्लाको हिमपात जन्य विपद् प्रतिकार्य योजना २०७८ तयार गरी कार्यान्वयनमा ल्याईएको ।

३४.कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि यस आ.ब.देखि हालसम्म जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को ७ पटक बैठक बसी कोभिड-१९ को संक्रमण फैलिन नदिन सक्रिय भूमिका निर्वाह गरेको।

३५. विपद्को समयमा उद्दार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास गर्ने प्रयोजनार्थ जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बमोजिम सबै क्लष्टरहरुको सहभागितामा मिति २०७८/०९/२५ मा आगलागी घटनाको नमूना अभ्यास गरिएको।



३६.सघन सहरी तथा भवन निर्माण कार्यालय दाङबाट सञ्चालित योजना तल्लो तथा माथिल्लो बजार क्षेत्रको बाटो स्तरोन्नति, रुकुमकोट रुकुम पूर्वको निर्माण कार्यमा विभिन्न जनगुनासो प्राप्त भएकोमा आयोजनाको परिमाण र गुणस्तर लगायत समग्र विषयवस्तुको स्थलगत अनुगमन, अध्ययन र प्रतिवेदन पेश गर्न गठित समितिबाट प्रतिवेदन प्राप्त भई निर्माण कम्पनीबाट प्रतिबद्धता अक्षरशः पालना गर्न लगाईएको।

३७.प्राकृतिक प्रकोपका कारण जिल्लाका विभिन्न स्थानका आवेदकहरुबाट तारजाली माग भई आएकोमा प्रहरी मुचुल्का, स्थानीय तहको सिफारिसको आधारमा प्र.जि.अ.को सिफारिसमा जलस्रोत तथा सिँचाई सब डिभिजन कार्यालयबाट तपसिल बमोजिम तारजाली वितरण गरिएको।

| क्र.सं | ताजरजाली प्राप्त गर्ने आवेदको संख्या | वितरित संख्या | कैफियत |
|---|---|---|---|
| १ | ५ | २५ थान | २०७८/०४/१० गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट स्वीकृत भएको। |
| २ | ४ | २४ थान | २०७८/०५/३० गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट स्वीकृत भएको। |
| ३ | ७ | १० थान | एकमुष्ट वितरण गरिएको। |

३८.जिल्लास्थित कार्यालयका प्रमुखहरुसँग १२ पटक बैठक बसी कार्यालयको सेवा प्रवाहका सम्बन्धमा छलफल गरिएको।

३९. कार्यालयको कार्यसम्पादनलाईघ नतिजामूलक, पारदर्शी, जवाफदेही, सेवामैत्री र सुशासन उन्मुख बनाउन जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वको सुशासन कार्ययोजना तयार गरी कार्यान्वयन भईरहेको।

४०.कार्यालयमा रहेका जिन्सी मालसामानको समयमै निरीक्षण गरी मर्मत सम्भार गर्नुपर्ने जिन्सी सामानको मर्मत एवं व्यवस्थापन गरिएको साथै कार्यालयका सवारी साधनको बीमा र नवीरकण पनि गरिएको।

४१. शारीरिक रुपले अशक्त, फरक क्षमता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती महिला लगायतका सेवाग्राहीलाई विशेष प्राथमिकता साथ नागरिक सहायता कक्ष मार्फत सेवाको जानकारी दिने सहजीकरण गर्ने काम भइरहेको।

## रुकुम (पूर्व) जिल्ला स्थित सरकारी कार्यालय  तथा कार्यालय प्रमुखहरुको बिवरण

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नाम | पद | कार्यालयको फोन नं. | का.प्र.मो.नं. |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | लक्ष्मी प्रसाद बास्कोटा | प्र.जि.अ. | ०८८-४१३०८३<br>०८८-४१३०६५ | ९८५७८६७७७७ |
| २ | जिल्ला समन्वय समिति | अन्जन कुमार मिश्र | जि.स.अ. | ०८८-४१३०८६ | ९८४१४१००४८ |
| ३ | नेपाली सेना नरसिँह दल गण सुरक्षा गुल्म | मान बहादुर बुचा मगर | सेनानी | ०८८-४१३१०३ | ९८४९९२०८५३ |
| ४ | जिल्ला प्रहरी कार्यालय | गणेश बहादुर श्रेष्ठ | प्र.ना.उ. | ०८८-४१३०५२ | ९८५७८६५५५५ |
| ५ | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म रुकुमकोट | सुदन आचार्य | स.प्र.ना.उ. | ०८८-४१३०९७ | ९८५१०६३३४८<br>९८५७८४५४५१ |
| ६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | संजीव कुमार चौधरी | प्र.अ.अ. | ०८८-४१३०८८ | ९८५७८२४४८८ |
| ७ | डिभिजन वन कार्यालय | महेन्द्रराज वाग्ले | डि. वन अधिकृत | ०८८-४१३१११५ | ९८५७०४५८३२ |
| ८ | जलस्रोत तथा सिंचाई सव डिभिजन कार्यालय | योगेन्द्र महतो | कार्यालय प्रमुख | ०८८-४१३११७ | ९८५७८५६०८४ |
| ९ | कोष तथा लेखा नियन्त्रक कार्यालय | जीवन कुमार कार्की | नि. कोष नियन्त्रक | ०८८-४१३०९० | ९८५८०५४९१० |
| १० | जिल्ला सरकारी वकिल कार्यालय | प्रकाश पौडेल | स. जिल्ला न्यायाधिवक्ता | ०८८-४१३०९३ | ९८५५०८२७७७ |
| ११ | मालपोत कार्यालय | मोहनलाल के सी | मालपोत अधिकृत | ०८८-४१३०५६ | ९८४७८५२२८७<br>९८५७८५७५७७ |
| १२ | नापी कार्यालय | सृष्टि बैदार | नापी अधिकृत | ०८८-४१३०५८ | ९८५७८८५१३२ |
| १३ | जिल्ला निर्वाचन कार्यालय | तेज कुमार ओली | जिल्ला निर्वाचन अधिकारी | ०८८-४१३०८० | ९८५७८४३४३४ |
| १४ | शिक्षा विकास तथा समन्वय ईकाइ | तिलक गौतम | ईकाइ प्रमुख | ०८८-४१३११६ | ९८४८१५२४०० |
| १५ | घरेलु तथा साना उद्योग विकास कार्यालय | मधुकर डाँगी | कार्यालय प्रमुख | ०८८-४१३११३ | ९८४८०४४५८९ |
| १६ | स्वास्थ्य कार्यालय | यादव प्रसाद शर्मा | नि.का.प्र. | ०८८-४१३०३४ | ९८४८३०४४४१ |
| १७ | सडक पुर्वाधार विकास कार्यालय | गोविन्द बहादुर महत्रा क्षेत्री | कार्यालय प्रमुख | ०८८-४१३१४४ | ९८५७८८६०४७ |
| १८ | खानेपानी तथा सरसफाई सम्पर्क कार्यालय | कपिल प्रसाद मोची | कार्यालय प्रमुख | | ९८६६९१०५२४ |
| १९ | ओखरजोन प्रम कृषि आधुनिकरण | मित्रलाल पौडेल | कार्यालय प्रमुख | ०८८-४१३११४ | ९८५७८४७११४ |
| २० | नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र | सुरेश प्रसाद चौधरी | ईन्जिनियर | ०८८-४१३१४३ | ९८५७८५४६२९ |
| २१ | सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय | चिन्तामणी दाहाल | नि.प्र.प्र.अ. | ०८८-४१३०६४ | ९८५७८२४२३५,<br>९८५७८२१८९० |
| २२ | भुमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय | चन्द्रसिंह श्रेष्ठ | प्र प्र अ | | ९८५७८३१२०० |
| २३ | पुथा उत्तरगंगा गा.पा गाउँ कार्यपालिकाको कार्यालय | वशिष्ट नारायण यादव | नि प्र प्र अ | | ९८४४०३९०२५ |
| २४ | एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय | पिताम्बर बस्नेत | कार्यालय प्रमुख | ०८८-४१३१७१ | ९८५७८२१८६९ |
| २५ | नेपाल टेलिकम | चन्दन कुमार यादव | सहायक | ०८८-४१३००० | ९८५७८४७०१५ |
| २६ | रुकुम पूर्व अस्पताल | डा गणेश चौधरी | नि मे सु | | ९८४६७१८४६८ |
| २७ | जिल्ला ट्राफिक प्रहरी कार्यालय | दमन बिक्रम सेन | प्र स नी | | ९८५१२८२६१० |
| २८ | आयुर्वेद स्वास्थ्य केन्द्र | डा गणेश अधिकारी | आयुर्वेद चिकित्सक | | ९८४७८८५९७७ |
| २९ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | चित्र बहादुर ओली | शाखा प्रबन्धक | ०८८-४१३११९ | ९८५७८२११२०<br>९८५७८४५५७८ |
| ३० | नेपाल बैंक लिमिटेड | लोकेन्द्र सिँ राठौर | शाखा प्रबन्धक | ०८८-४१३०८७ | ९८५७८३९०६२ |
| ३१ | कृषि विकास बैंक लिमिटेड | विष्णुजङ शाह | शाखा प्रबन्धक | ०८८-४१३१८६ | ९८४८०६४९४७ |
| ३२ | स्वास्थ्य बिमा बोर्ड | सपना पुन विष्ट | कर्मचारी | | ९८४७९५३०६० |

# नेपाल सरकार
# गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# रुकुम (पूर्व)


०८८-४१३०८३ ०८८-४१३०६५

daorukumeast@moha.gov.np

daorukumeast76@gmail.com

daorukumeast.moha.gov.np


**“व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन”**